Amritology, 30-12-2014 Nepali

## एक भाग्यवान सिताराको मीठा बाबासँग कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ। म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु।

### म को हुँ ?

म एक लक्की सितारा हुँ। भगवान स्वयं मेरो गुणगान गर्नुहुन्छ। म सम्पूर्ण विश्वलाई प्रकाशित गर्नको लागि एक चम्किलो ध्रुब तारा बनेको छु।

### म कसको हुँ ?

### आत्माको बाबासँग कुराकानी:

मीठे बाबा– गुड मर्निङ्ग । बाबा ! हजुरको सानिध्यमा म अतीन्द्रिय सुखको अनुभव गरिरहेको छु। हजुरको साथमा म टिमटिएको सिताराको चमक बढ्दै गइरहेको छ। म एक लक्की सितारा बन्दै गइरहेको छु।

### बाबाको आत्मासँग कुराकानी:

मीठे बच्चे ! उठ ! मसँगै बस। लक्की सितारा बन्ने खुशीको अनुभवले तिम्रो सारा दु:ख दूर भइरहेको छ। अमृतबेला तिमी आफूले आफ्नो दिलको ऐनामा हेर। यस समय आफूलाई चमकदार भाग्य र भविश्यको उँचा उडानलाई बारम्बार यस ऐनामा हेर।

### बाबाद्वारा प्रेरणा:

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ । बाबा हुनुहुन्छ शान्तिका सागर । यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु।

### बाबाद्वारा वरदान:

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिस्ता स्वरूप स्पष्ट देखिइरहेको छ। बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई बरदान दिइरहनुभएको छ–

तिम्रो सच्चा दिलदेखि गरिएको सेवाको चमक परमात्म प्यारद्वारा अति उज्ज्वल हुँदै गइरहेको छ। यसै पवित्रताको कारण तिमी कर्महरूको आकर्षण र बन्धनबाट पर गएर, विश्व मंचमा चमत्कार देखाइरहेका छौ।

### बेहदको सूक्ष्म सेवा: (आखिरी पन्द्र मिनेट)

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, मैले पूरा विश्वलाई दान दिइरहेको छु। आफ्नो फरिस्ता पोशाक पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरूलाई यो वरदान दिइरहेको छु।

### राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं। चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिनँ ? यदि गरेको भए बाबालाई बताऔं। कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाऔं। ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं। आफ्नो दिललाई सफा र हलुङ्गो बनाएर सुतौं।